# काठमाडौं महानगरपालिका कार्यालयको चुस्त एवम् प्रभावकारी सेवाप्रवाह सम्बन्धी प्रतिबद्धतापत्र, २०७२

सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक, जनमुखी, उत्तरदायी, उपलब्धिमूलक र सेवाग्राहीमैत्री बनाई नागरिकले पाउने सेवालाई भरपर्दो, विश्वसनीय, छिटो-छरितो, मितव्ययी, पारदर्शी, गुणस्तरीय र सर्वसुलभ बनाउन हाल सम्पादित भइरहेका देहायका कार्यहरूलाई अझ प्रभावकारी गर्न/गराउन जनप्रतिनिधिमूलक संस्थालाई आत्मसात गर्दै म प्रमुख तथा कार्यकारी अधिकृत रुद्रसिंह तामाङ देहायबमोजिम गर्न/गराउन प्रतिज्ञा गर्दछु ।

१. म अर्धन्यायिक अधिकार प्रयोग गर्दा वा न्यायसम्पादन गर्दा पालना गर्नुपर्ने न्याय र कानुनको मान्य सिद्धान्तहरू एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, प्रशासकीय अदालतद्वारा व्याख्या गरिएका प्राकृतिक न्यायका सिद्धान्त, न्यायिक सक्रियताको सिद्धान्तको अवलम्वनलगायतका कार्यपत्रमा उल्लिखित १४ वटा सिद्धान्तको पूर्ण परिपालना गरी कार्य सम्पादन गर्नेछु र मैले उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका माननीय अध्यक्षद्वारा कार्यपत्रमा उल्लिखित निश्कर्षको रूपमा प्रस्तुत अनुगमनलगायतका १४ सुत्रीय सुझावहरू प्रभावकारी रुपमा लागू गर्ने/गराउनेछु ।

२. आफ्नो अनुपस्थितिमा वा सेवाप्रवाह गर्नुपर्ने जिम्मेवारी भएको अधिकृत कर्मचारी बिदामा बसेको वा अन्यत्र कुनै काममा गएको अवस्थामा सेवाग्राहीलाई सेवा लिन असुविधा नहोस् भनी वैकल्पिक व्यवस्था गरेर मात्र बिदामा बस्ने र बिदाको अवधि वा कार्यालयमा हाजिर हुने दिनको सूचना आ-आफ्नो सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउनेछु ।

३. काठमाडौं महानगरपालिका कार्यालयका विभाग, आयोजना, महाशाखा, शाखा, एकाई, वडा कार्यलयले आफूले गरेको महिना दिन भित्रको कार्यसम्पादनको समीक्षा गरी आगामी महिना गर्ने कार्यहरुको विषयको निर्धारण र प्रगति समीक्षा गर्न कार्यालयले "प्रत्येक महिनाको पहिलो आइतबार समीक्षात्मक कार्यक्रम" (Sunday Meeting) लागू गरी महिना-महिनामा काठमाडौं महानगरपालिका कार्यालयमा त्यसको विवरण पठाउनुका साथै कार्यालय प्रमुखहरूको बैठकमा समेत छलफल गर्ने व्यवस्था मिलाउनेछु ।

४. सेवाग्राही तथा उपभोक्ताको हक अधिकारलाई प्रभावकारी रूपमा लागू गर्न सम्बन्धित अधिकारीबाट नियमित बजार अनुगमनको व्यवस्था गर्ने र त्यसको विवरण सार्वजनिक गर्ने/गराउने व्यवस्था मिलाउनेछु ।

५. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम कार्यालय समयको पालना भए नभएको, काम कारवाहीमा लापरवाही वा ढिलासुस्ती भए नभएको वा सेवाग्राहीलाई समयमै सेवा दिए नदिएको सम्बन्धमा समयसमयमा सुपरीवेक्षण र छड्के निरीक्षण गर्नेछु र त्यसको आधारमा तत्काल आवश्यक कारवाही गर्नेछु ।

६. सार्वजनिक सेवाप्रवाहमा लक्षित जनताको पहुँच बढाउन सर्भिस सेन्टरका रुपमा रहेका वडा कार्यलयको क्षमता विकास गरी सेवा सञ्चालन र पारदर्शिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी त्यसको प्रतिवेदन सार्वजनिकीकरण गर्दै रचनात्मक सुझावको क्रमशः कार्यन्वयन गर्ने/गराउनेछु । साथै प्रत्येक वडामा प्रत्येक वर्ष कम्तिमा एउटा सेवाप्रवाहलाई सरलीकरण गर्ने तथा थप प्रभावकारी बनाउने विषयमा अनुसन्धान गर्दै प्राप्त सुझावहरूलाई काठमाडौं महानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्दै लानेछु । सोको लागि संस्थागत सुदृढीकरण तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू समेत तर्जुमा गरी कार्यान्वयन गर्दै जानेछु ।

७. काठमाडौं महानगरपालिका कार्यालयको कार्यक्षेत्र भित्रका सरकारी, गुठी, सार्वजनिक, ऐलानी, पर्ती जग्गा एवम् पोखरी ताल, तलैया, खहरेखालो, राजकुलो आदिको लगत दुरुस्त राख्ने/राख्न लगाउने र त्यस्ता जग्गा पोखरी ताल तलैया, राजकुलो गैरकानूनी किसिमले हडप्ने र अतिक्रमण गर्नेलाई कानुनी कारबाही गरी गराई त्यसलाई पूर्ववत् रुपमा ल्याउन सरोकारवाला निकायका प्रमुखहरूसँग समन्वय गर्ने र तत्सम्बन्धी काम कारवाहीको प्रगति सार्वजनिक गर्नेछु । साथै पहिचान भएका सार्वजनिक पर्ती जग्गाहरूमा क्रमशः आधुनिक पार्क बनाइ खुला क्षेत्रको संरक्षण गर्नेछु ।

८. शहरी क्षेत्रलाई स्वच्छ र वातावरणमैत्री बनाउन सम्बन्धित टोल सुधार समिति, आमा समूह, स्थानीय गैरसरकारी संस्था, युवा क्लब, बाल क्लब, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सहकारी संस्था, नागरिक समाज तथा अन्य सरोकारवालाहरूको सहभागितामा सरसफाई तथा स्वच्छता प्रवर्द्धन समिति र महानगरपालिकाको प्रत्येक वडा र जिल्लास्तरमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा वातावरण, सरसफाई र स्वच्छता प्रवर्द्धन समन्वय समिति बनाई नियमित सरसफाई कार्य सञ्चालन गर्नुका अतिरिक्त वातावरणमैत्री स्थानीय शासनको खाका (Environment Friendly Local Governance Framework) ले निर्दिष्ट गरेका सूचकहरु पूरा गर्न गराउन सदैव क्रियाशील हुनेछु । संघीय राजधानीमा फोहोर व्यबस्थापनको चुनौतिलाई समाधान गर्न फोहोरलाई मोहर बनाउनेतर्फ अग्रसर भई Reduce, Reuse, Recycle को सिद्धान्तलाई प्रमुखताका साथ अङ्गीकार गर्नेछु । यसका लागि नागरिक सचेतना बढाई फोहरमैला व्यवस्थापन ऐन, २०६८ को कार्यान्वन गरी “प्रदूषकले तिर्नुपर्छ” भन्ने अवधारणाको प्रयोग अलवा दण्डनीय व्यवस्थाको विवेकशील नियमन गर्नेछु ।

९. सेवाग्राहीको कुनै पनि काम तोकिएको समयभित्र सम्पन्न गर्ने, सम्पन्न हुन नसक्ने वा नमिल्ने भएमा आधार, कारण र औचित्य खोली सम्बन्धित सेवाग्राहीलाई जानकारी गराउने (Note of Service Deny) वा सूचना पाटीमा टाँस गर्ने व्यवस्था गर्ने व्यवस्था मिलाउनेछु ।

१०. कार्यालयको कुनै कर्मचारी वा सम्पादित कुनै कार्यको विरुद्धमा कुनै उजुरी परेमा तीन दिनभित्र छानबीन प्रारम्भ गरी कानुनले अवधि तोकेकोमा सोही अवधिभित्र र नतोकिएकोमा १५ दिनभित्र कारवाही किनारा लगाउनेछु । आफू खटिएको क्षेत्रमा गई कार्य गरे/नगरेको वा स्थानीय क्षेत्रमा गई कार्य गरे/नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी त्यसको आधारमा आवश्यक कारवाही गर्ने/गराउनेछु ।

११. आफ्नो र मातहतका कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नेछु र प्राप्त गुनासाहरू कानुनले तोकिएकोमा सोही अवधिभित्र र नतोकिएकोमा सात दिनभित्र फछ्र्योट गरी गराई सम्बन्धित सरोकारवालालाई जानकारी गराउने व्यवस्था मिलाउनेछु ।

१२. काठमाडौ उपत्यका भित्रका स्थानीय निकायहरू (जिल्ला विकास समिति र नगरपालिका), काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनी, काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक विभागलगायतले प्रवाह गर्ने सेवा तथा विकास निर्माणमा विषयगत निकायहरूबीच सहयोग र समन्वय जुटाई विकास व्यवस्थापनलाई प्रभावकारी बनाउनेछु ।

१३. काठमाडौं महानगरपालिकाको भित्री शहरी क्षेत्रमा यातायातको चाप घटाउन, सर्वसाधारणको सहज आवागमन र वातावरण स्वच्छता कायम राख्न, पुरातात्विक महत्वका सम्पदाहरूको सहज दृष्यावलोकनबाट पर्यटकहरूलाई आकर्षित गर्न Eco Mobility को मान्यतालाई अनुशरण गर्दै त्यस्ता क्षेत्रमा सवारी साधनको विवेकशील नियमन गर्न पहल गर्नेछु ।

१४. भ्रष्टाचार, ढिलासुस्ती, मोलाहिजा र पक्षपात गर्दिन र आफ्नो कार्यालय र मातहत निकायमा गर्न दिने छैन । साथै कसैले गरेकोमा शून्य सहनशीलताका साथ कारवाही गर्नेछु ।

१५. म व्यक्तिगत फाइदाको लागि सार्वजनिक नोक्सानी (Personalizing the Benefit, Socializing the Cost) हुन दिने छैन । व्यक्तिगत स्वार्थलाई सार्वजनिक स्वार्थ अधिनस्थ बनाउनेछु, व्यक्तिगत लाभबाट प्रेरित भई काम गर्ने छैन ।

१६. म आचरण, व्यवहार र अनुशासनका आधारमा सेवाग्राहीमुखी भई सेवाप्रवाह गर्नेछु । सुधार म आफैबाट र अहिले नै प्रारम्भ गर्नेछु र अन्तर्गतका कार्यालय र कर्मचारीहरूमा पालना गराउनेछु ।

१७. काठमाडौं महानगरपालिका कार्यालय र मातहतमा समेत सूचना अधिकारी तथा प्रवक्ताको व्यवस्था गरी सोको विवरण सबैले देख्ने ठाउमा राख्नेछु । कानूनले गोप्य राख्नुपर्ने बाहेकका सूचना र काम कारवाहीलाई पारदर्शी रूपमा सञ्चालन गर्नेछु । आफ्नो र आफ्नो कार्यालयको कार्यसम्पादनका विषयमा उत्तरदायित्व लिने र जवाफदेही तुल्याउनेछु ।

१८. सेवा वितरणलाई प्रभावकारी बनाउन र सेवाग्राहीको सहजताका लागि प्रभावकारी रूपमा नागरिक बडापत्रको व्यवस्थाका लागि मोबाइल एप्स बनाई सेवाप्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने र सोही अनुसार कार्यसम्पादन हुने व्यवस्था मिलाउनेछु । सेवाग्राहीको गुनासोलाई तत्काल सम्वोधन गर्ने व्यवस्था मिलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नेछु ।

१९. आफूले गरेको कार्य सम्पादनको विवरण दैनिक अभिलेख पुस्तिकामा अद्यावधिक गर्नेछु । मासिक र चौमासिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनेछु । कार्यालयबाट अघिल्लो महिनासम्मको आयव्यय विवरण चालू महिनाको सात गतेभित्र सार्वजनिक गर्ने/गराउनेछु ।

२०. आफू कार्यरत रहेको कार्यालय र मातहतका कर्मचारीहरुलाई १५ दिन भित्र कार्यविवरण दिनेछु/दिलाउनेछु र सोही आधारमा निजहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्नेछु/गराउनेछु । साथै मातहतका कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्दा निजले सम्पादन गरेको कामसँग आबद्ध गरी सोही आधारमा अङ्क प्रदान गर्नेछु/गराउनेछु र कार्यसम्पादन सूचकसहितको कार्यविवरण जारी गर्ने/गराउनेछु । कार्यसम्पादन मापनमा उत्कृष्ट अङ्क प्राप्त गर्ने एक जनालाई सर्वोत्कृष्ट र चार जनालाई उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कृत गर्ने प्रणालीलाई संस्थागत गर्नेछु ।

२१. कार्यालयमा प्राप्त स्रोत साधनको उच्चतम परिचालन गरी उत्पादकत्व अभिवृद्धि गर्नेछु । बजेट सञ्चालनमा अनुशासित रही पूँजीगत खर्च वृद्धि गर्ने/गराउनेछु, वित्तीय सुशासनलाई अझ प्रभावकारी बनाई बजेट छनोट, खर्चलाई मितव्ययी बनाउने, बजेटको न्यायोचित वितरण, पेश्की र बेरुजुको नियमित असुली र फछ्र्योट गर्ने/गराउनेछु ।

२२. कार्यालयमा लैङ्गिकमैत्री वातावरण निर्माण गर्नेछु । कार्यालयमा सेवा वितरण गर्दा पहिला आउनेलाई पहिले सेवा प्रदान गर्ने पद्धतिलाई संस्थागत गरी आगमनको प्राथमिकताका आधारमा सेवा वितरण गर्नेछु/गराउनेछु । कार्यालयबाट दिने सेवामा, सेवा प्रवाहको चरणमा गैरकानूनी तथा असम्बद्ध व्यक्तिलाई संलग्न हुन नदिई सेवाग्राहीले सिधै कर्मचारीसँग सम्पर्क गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनेछु ।

२३. कार्यालयबाट सेवाप्रवाह गर्दा जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, सुत्केरी, गर्भवती, बालबालिका, महिला तथा कमजोर र पिछडिएका वर्गलाई सेवा वितरणमा विशेष सुविधा र प्राथमिकता प्रदान गर्नेछु ।

२४. उच्चस्तरीय प्रशासन सुधार समिति, २०७० ले आफ्नो प्रतिवेदनमा सिफारिस गरेबमोजिम शीघ्र एवम् चुस्त सेवाप्रवाह गर्ने विषयमा प्रतिवेदनको अध्ययन गरी लागू गर्ने र लागू गरिएका विषयहरुको जानकारी मन्त्रालय र उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समिति सिंहदरबारमा पठाउनेछु ।

२५. विद्युतीय बस तथा ठूला बस सञ्चालन गरी सार्वजनिक यातायातको सरलीकरण गर्नेछु । अन्तराष्ट्रियस्तरको राष्ट्रिय बसपार्क बनाई चक्रपथ वरीपरी पार्किङ्लाई निरुत्साहित गर्नेछु । बहुतले तथा भूमिगत पार्किङ्को व्यवस्था, खुला ठाउहरूलाई खुलै राखी जमिनमुनिको पार्किङ् व्यवस्थापनको कार्य अगाडि बढाउनेछु, निर्माण भइसकेका घरहरूमा पार्किङ्को लागि भनेर नक्शामा छुट्याइएकालाई सोही प्रयोजनमा प्रयोग गर्नका लागि तत्काल कार्यारम्भ गर्नेछु । आन्तरिक बस टर्मिनलसहित काठमाडौ भ्यू टावर बनाई एकै घरमा सम्पूर्ण शहरी सेवा उपलब्ध गराउन पहल गर्नेछु । झलमल्ल काठमाडौको परिकल्पना अन्तर्गत सोलार बत्ती जडान र त्यहि पोलमा CCTV जडान गरी नेपाल प्रहरीसँगको समन्वयमा उचित सुरक्षा व्यवस्थाको प्रबन्ध गरी रात्रीकालीन व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाउनेछु । राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने स्थानीयस्तरको कार्य गर्नेछु ।

२६. भवन निर्माण अनुमति दिदा भवन निर्माण मापदण्ड र राष्ट्रिय भवनसंहिता, बस्ती विकास तथा शहरी योजना कार्यान्वयन मार्गदर्शनमा भएका प्रावधानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछु । प्रत्येक भवन निर्माण अनुमति पत्र उपलब्ध गराउदा नै सोलार प्यानल जोड्ने, खाली जग्गा हुने घरधनीले कम्तिमा दुईवटा रूख र खाली जग्गा नभएको अवस्थामा कौशीमा कम्तिमा पाँचवटा बिरुवासहितको गमला अनिवार्य रूपमा राख्ने र सेफ्टी ट्याङ्की अनिवार्य रूपमा निर्माण गर्नुपर्ने व्यवस्था मिलाउनेछु ।

२७. शहरी पुनर्विकास अन्तर्गत ल्याण्ड पुलिङ र हाउस पुलिङ गरी शहरको पुनर्विकास गर्न पहल गर्नेछु ।

२८. Waste to Energy अन्तर्गत फोहोरबाट मोहर बनाउने र फोहरबाट बत्ती उत्पादन गरी काठमाडौंलाई लोडसेडिङमुक्त गर्न पहल गर्नेछु । विद्युत खपतलाई कम गर्न आधुनिक खालका प्रविधि तथा कम विद्युतबाट बढी उज्यालो दिने चिमहरूको प्रयोग गर्नका लागि सरोकारवाला निकायसँग समन्वयका लागि आवश्यक कार्यक्रम ल्याउनेछु । काठमाडौंमा उड्ने धुलो कम गर्न सडक पेटी बनाउनेछु । सडक पेटी तथा अन्य पूर्वाधार अपाङ्गमैत्री बनाउनेछु । सडक पेटीमा जथाभावी राखिएका पसल तथा निर्माण सामाग्री राख्ने गतिविधिलाई नियन्त्रण गरी मानिसहरू आवतजावत गर्न सहज हुने Right To Walk को सिद्धान्तलाई कार्यान्वयनमा ल्याउन पहल गर्नेछु । सडकको दायाबाया रुख रोपी हरियाली प्रवर्द्धन गर्नेछु । सडक चौडा बनाउन विस्तारित सडक अभियानमा सक्रिय रहनेछु ।

२९. काठमाडौं शहरभित्र पोलमा जडान भएका विद्युत, टेलिफोन, केवल लगायतका तारहरू र जथाभावी राखिएका होर्डिङ बोर्डलाई सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी दृष्य प्रदूषण नियन्त्रण कार्य तथा सहरी सौन्दर्यलाई ध्यानमा राखी उचित व्यवस्थापन गर्न पहल गर्नेछु ।

३०. भुकम्पबाट ढलेका तथा क्षति भएका संरचनाहरूलाई पुनःनिर्माण प्राधिकरण र पुरातत्व विभागसँग समन्वय गरी यथास्थितिमा ल्याउनेछु । महानगर क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरूको लगत तयार गरी तिनीहरूको मर्मतसम्भार गरी संरक्षण र सम्बर्द्धन गराउनेछु । पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धन गराउनेछु । वागदरबारको पुननिर्माण गरी प्रमुख प्रशासनिक केन्द्र बनाउनेछु । एकीकृत रत्नपार्कको परिकल्पना अर्थात् महानगरीय प्रहरी आयुक्तको कार्यालय, त्रिचन्द्र कलेज र कानुन पुस्तकालयलाई उचित व्यवस्थापन गरी एकिकृत रत्नपार्क र रानीपोखरीको विकास गर्ने परियोजना तर्जुमा गरी सोको कार्यान्वयन गर्नेछु । साथै हरित शहरका रुपमा काठमाडौंको कार्य प्रारम्भ गर्ने/गराउनेछु ।

३१. काठमाडौं उपत्यका भएर बग्ने नदी सरसफाइ गरी स्वच्छ पानी बगाउनका लागि ढल प्रशोधन गरी शहरी स्वास्थ्य र शहरी सौन्दर्य कायम गर्नेछु । साथै विभिन्न यातायातका साधनबाट निस्कने धुवा र भौतिक पूर्वाधार निर्माणको क्रममा उत्सर्जित हुने गिटी, ईटा, बालुवा जस्ता सामाग्रीबाट हुने प्रदूषणलाई कम गरी वायु प्रदूषणलाई न्यूनीकरण गर्न सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम ल्याउनेछु ।

३२. महानगरपालिका क्षेत्रभित्र शहरी सेवा केन्द्रहरूको विकास गरी शौचालय, स्नानगृह र स्तरीय चमेना घर बनाउनेछु । भौतिक विकास, जलस्रोत, वातावरण र सरसफाई, शिक्षा तथा खेलकूद, संस्कृति संरक्षण, निर्माण तथा यातयात, स्वास्थ्य सेवा, समाज कल्याण, पर्यटनलगायत चरणबद्ध विकास गरी समृद्ध आधुनिक काठमाडौं महानगरपालिका निर्माण गरी नेपालको राजधानीलाई विश्वको एउटा केन्द्र बनाउन पहल गर्नेछु ।

३३. सामाजिक कुकुर (घरपालुवा), सामुदायिक कुकुर (छाडा कुकुर) र छाडा पशु चौपायाको उचित व्यवस्थापन गर्नेछु । काञ्जी हाउस, पशु वधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्नेछु । सरोकारवाला निकायहरूसँगको समन्वयमा काठमाडौं उपत्यका भित्र व्यवसायिक रूपमा मासु प्रयोजनका लागि भित्रने पशुपक्षीहरूको स्वास्थ्य परीक्षण गर्ने/गराउनेछु । साथै अनुगमनको क्रममा परीक्षण नगरी भित्र्याइएको पाइएमा त्यस्ता पशुपक्षीहरू जफत गर्ने/गराउनेछु । यसका अतिरिक्त मासु तथा खाद्यवस्तुहरुको बजार अनुगमनलाई अझ प्रभावकारी बनाउनेछु । थोक बजारको विकास तथा विस्तारका संभावनाहरूबारे पहल गर्नेछु ।

३४. मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने र स्तरोन्नति गर्ने/गराउनेछु ।

३५. एकीकृत रुपमा जुद्ध बारुण यन्त्र कार्यालयको आधुनिकीकरण गर्नेछु । विपद व्यवस्थापनको सम्बन्धमा आवश्यक कार्य गर्नेछु । शव वाहन, एम्बुलेन्स सेवालाई सुलभरूपमा उपलब्ध गराउन पहल गर्नेछु । सहरी स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गराउनेछु ।

३६. आफ्ना करदाताहरूको लागि करदाता सहयोगी डेस्क मार्फत कर बुझाउने सहज व्यवस्था मिलाउनेछु । कानुनले स्थानीय तहलाई उपलब्ध राजस्वको दायरा बढाउदै करदाता मैत्री वातावरण विकास गर्दै कर तिरेको आधारमा सेवा सुविधा प्रवाह गर्ने नीतिगत व्यवस्थालाई कडाइका साथ कार्यन्वयन गर्ने/गराउनेछु ।

३७. कार्यालयबाट प्रवाह हुने सेवा तथा कार्यसम्पादन प्रक्रियामा सूचना प्रविधिको अधिकतम उपयोग गर्नेतर्फ आवश्यक प्रबन्ध गरिएको छ । सूचना प्रविधिको सहयोगबाट स्थानीय शासन प्रक्रियालाई सरल, पारदर्शी, सहज र प्रभावकारी बनाउदै नगरपालिका प्रशासनिक तथा राजस्व प्रणाली (MARS) आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गरी महानगरलाई पूर्णरूपमा विद्युतीय शासन प्रणालीमा आबद्ध गर्ने/गराउनेछु ।

३८. काठमाडौं महानगरपालिकाले नगर सुव्यवस्थापनको लागि नगर प्रहरीको सेवालाई नगर सुशासनको प्रभावकारीतामा आबद्ध गराई महानगरवासीसँग समन्वय र सहकार्यमा नगर सुव्यवस्थापनलाई गतिशील बनाउदै सामुदायिक शहरी प्रहरीको रूपमा विकास गर्ने/गराउनेछु ।

३९. शहरी गरिबहरुको लागि आयआर्जन गर्ने उपयुक्त कार्ययोजना बनाई कार्यान्वयन गर्नेछु । गैरसरकारी संस्था र सहकारीलाई प्रभावकारीरूपमा प्रयोग गर्नेछु साथै पछाडि परेका र पारिएका वर्गहरूको क्षमता विकासको लागि विशेष कार्यक्रमहरू संचालन गर्नेछु ।

४०. लक्षित वर्ग सम्बन्धी कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी रूपमा सञ्चालन गरी मानव विकास सूचकाङ्कमा बढोत्तरी गर्नेछु ।

४१. शहरी पर्यटन, धार्मिक पर्यटन र पर्यापर्यटन विकास तथा स्तरोन्नतिका लागि सरोकारवाला निकायहरूसँग सहकार्य गरी प्रवर्द्धनात्माक कार्यक्रम गर्ने/गराउनेछु ।

४२. काठमाडौं महानगरपालिकासँग भगिनी सम्वन्ध भएका शहरहरूसँगको सम्बन्धलाई उच्चत्तम महत्व दिई अन्य शहरहरूमा पनि सम्बन्ध विस्तार गर्नेछु । भगिनी कुटनीति मार्फत पुनःनिर्माणको लागि आवश्यक बजेट तथा प्रविधिको व्यवस्था मिलाउन प्रयासरत रहनेछु ।

४३. काठमाडौं महानगरपालिका क्षेत्रभित्र शहरी सुव्यवस्था, शहरी विकास र शहरी सौन्दर्यका लागि सार्वजनिक निजी साझेदारी एवम् सहकारिताको माध्यमबाट विकासका आयोजनाहरू निर्माण गर्दै जाने एवम् निजी संस्थाहरूमा रहेको Corporate Social Responsibitlity (CRS) को कोषलाई एकीकृत गरी सहरी सौन्दर्य तथा विकास निर्माणमा खर्च गर्नको लागि उनीहरूलाई प्रोत्साहित गर्ने/गराउनेछु ।